# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, जेठ ५ गते, २०७३ साल ( संख्या ६


## भाग ३

## नेपाल सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

### <u>निजामती सेवा (तेह्रौं संशोधन) नियमावली, २०७३</u>

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकाले,निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरुको नाम "निजामती सेवा (तेह्रौं संशोधन) नियमावली, २०७३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>निजामती सेवा नियमावली, २०५० को नियम ११७क. मा संशोधनः</u> निजामती सेवा नियमावली, २०५० को नियम ११७क. को,-

(१) उपनियम (५) र (६) को सट्टा देहायका उपनियम (५) र (६) राखिएका छनः-

"(५) प्रत्येक मन्त्रालय/सचिवालय/आयोग वा विभाग र केन्द्रीय स्तरका कार्यालयमा राष्ट्रिय स्तरको निजामती कर्मचारीको ट्रेड युनियनको विभागीय स्तरको कार्य समिति गठन हुन सक्नेछ ।

(६) प्रत्येक जिल्लामा राष्ट्रिय स्तरको निजामती कर्मचारीको ट्रेड युनियनको जिल्ला स्तरका कार्य समिति गठन हुन सक्नेछ ।"

(२) उपनियम (७) झिकिएको छ ।

(३) उपनियम (१०) को सट्टा देहायको उपनियम (१०) राखिएको छः-

"(१०) उपनियम (३) बमोजिम दर्ता भएका ट्रेड युनियन प्रत्येक चार वर्षमा नवीकरण गर्नु पर्नेछ र नवीकरण गर्दा उपनियम (२) बमोजिमको शर्त पूरा गरेको हुनु पर्नेछ ।

तर आधिकारिक ट्रेड युनियनको लागि तत्काल अघि भएको निर्वाचनमा खसेको कूल सदर मतको दश प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने ट्रेड युनियन नवीकरण गर्न उल्लिखित शर्त पूरा गर्नु पर्ने छैन ।"

(४) उपनियम (१०) पछि देहायको उपनियम (१०क) थपिएको छः-

"(१०क) उपनियम (१०) बमोजिम नवीकरण नभएको राष्ट्रिय स्तरको निजामती कर्मचारीको ट्रेड युनियनको विभाग तथा जिल्ला स्तरको ट्रेड युनियन गठन गर्न सकिने छैन ।"

(५) उपनियम (११) पछि देहायको उपनियम (११क) थपिएको छः-

"(११क) आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्वका लागि केन्द्रीय स्तर र विभागीय/जिल्ला स्तरमा खसेको कुल सदर मतको दश प्रतिशत मत प्राप्त गरेको हुनु पर्नेछ ।"

(६) उपनियम (१२) को खण्ड (ङ) को उपखण्ड (२) को देहाय (ख) मा रहेको "सचिव" भन्ने शब्दको सट्टा "सहसचिव" भन्ने शब्द राखिएको छ ।

आज्ञाले,
टंकमणि शर्मा
नेपाल सरकारको सचिव



मुद्रण विभाग सिंहदरवार काठमाण्डौमा मुद्रित । मुल्य रु ५।-
गो.हु.द.नं. १६।०६२।६३